Nepali

तथ्य पत्र

# महिलाहरू र भिरिङ्गी (सिफिलिस)



भिरिङ्गी (सिफिलिस) एक गम्भीर सङ्क्रमण हो र अष्ट्रेलियामा धेरै महिलाहरू यो रोगबाट पीडित छन्। भिरिङ्गी (सिफिलिस) तथा तपाईँले आफूलाई  कसरी बचाउन सक्नुहुन्छ भन्ने बारे थप जान्नुहोस्।

**भिरिङ्गी (सिफिलिस)** एक यौन सञ्चारित सङ्क्रमण (एसटिआई; STI) हो जुन यौन सम्पर्कको क्रममा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ।

### १५ देखि ४४ वर्ष उमेर समूहका धेरै महिलाहरूमा यो समस्या देखिन थालेको छ

सन् २०१६ देखि २०२२ को बीचमा १५ देखि ४४ वर्ष उमेरका महिलाहरूमा भिरिङ्गी (सिफिलिस) सङ्क्रमणको दर १५८ प्रतिशतले वृद्धि भएको थियो*।

### तपाईँलाई भिरिङ्गी (सिफिलिस) भएको थाहा नहुन सक्छ

केही मानिसहरू बिरामी महसुस नगर्न सक्छन् वा उनीहरूलाई भिरिङ्गी (सिफिलिस) भएको थाहा नहुन सक्छ। थाहा नपाइकननै तपाईँलाई भिरिङ्गी (सिफिलिस) हुने र यो तपाईँको जीवन साथी (पार्टनर) लाई सर्ने सम्भव छ।

हामीले तपाईं र तपाईंको यौन साथीलाई नियमित रूपमा पूर्ण एसटिआई (STI) परीक्षण गराउन सुझाव दिन्छौँ - यदि तपाईँमा कुनै लक्षण देखा नपरे पनि।

यदि तपाईँलाई तपाईंमा भिरिङ्गी (सिफिलिस) भएको थाहा पाउनु भयो भने, तपाईँको यौन साथीलाई पनि परीक्षण र उपचार गराउन भन्नुहोस्। यसले भिरिङ्गी (सिफिलिस) लाई तपाईं वा अरूलाई सर्नबाट रोक्छ।

### भिरिङ्गी (सिफिलिस) को लक्षणहरू व्यक्ति अनुसार फरक हुन्छन्

यदि तपाईंलाई भिरिङ्गी (सिफिलिस) भयो भने, पहिलो लक्षण भनेको जननेन्द्रिय, मलद्वार र मुखमा घाउ वा अल्सर हुनु हो।

**समयसँगै अरू लक्षणहरू देखा पर्छन्:**

- दागहरू
- छालामा घाउहरू
- सुन्निएको लसिका ग्रन्थि
- कपाल झर्ने
- मांसपेशी र जोर्नी दुख्ने
- टाउको दुख्ने
- थकान

### उपचार बिना, भिरिङ्गी (सिफिलिस) ले निम्न समस्याहरू निम्त्याउन सक्छ:

- मस्तिष्क सङ्क्रमण
- डिमेन्सिया (स्मृतिभ्रंश)
- फोक्सो र हृदयको असफलता
- अन्धोपन
- मृत्यु

*Australian Department of Health and Aged Care, (2023), National Notifiable Disease Surveillance System. Available at https://nindss.health.gov.au/pbi-dashboard

MULTICULTURAL HIV AND HEPATITIS SERVICE

South Western Sydney Local Health District
Health Promotion Service

NSW GOVERNMENT

## तथ्य पत्र
# महिलाहरू र भिरिङ्गी (सिफिलिस)

### तपाईंको बच्चामा भिरिङ्गी (सिफिलिस) सर्नु घातक हुन सक्छ

यदि तपाईंलाई भिरिङ्गी (सिफिलिस) छ र तपाईं गर्भवती हुनुहुन्छ भने, तपाईंले बच्चा जन्माउनु अघि नै यो सङ्क्रमण बच्चामा सार्न सक्नुहुन्छ।

**यसलाई जन्मजात भिरिङ्गी (सिफिलिस) भनिन्छ र यसले निम्न कारणहरू निम्त्याउन सक्छ:**

- गर्भपतन
- मृत जन्म
- समय पूर्व जन्म
- कम तौलको जन्म
- जन्मेको केही समय पछि बच्चाको मृत्यु

जन्मजात भिरिङ्गी (सिफिलिस) ले तपाईंको बच्चालाई स्थायी मस्तिष्क वा अङ्गहरूको क्षति पुऱ्याउन सक्छ। यसले तिनीहरूको वृद्धि र विकासमा असर गर्न सक्छ।

केही बच्चाहरूमा ठूलो नहुँदासम्म वृद्धि र विकासमा समस्याहरू नदेखिन सक्छन् जसले गर्दा ढिलो निदान हुन्छ।

### नियमित परीक्षण गर्नु फाइदाजनक हुन्छ।

हामी तपाईंलाई नियमित रूपमा पूर्ण एसटिआई (STI) परीक्षण गराउन सुझाव दिन्छौं - यदि तपाईंलाई कुनै लक्षण छैन भने पनि र विशेष गरी यदि तपाईं गर्भवती हुनुहुन्छ वा गर्भवती हुने योजना गर्दै हुनुहुन्छ भने।

गर्भावस्थामा सिफलिस परीक्षणहरू महत्त्वपूर्ण नियमित परीक्षणहरू हुन्।
तपाईंलाई गर्भावस्थाको समयमा कम्तीमा दुई पटक परीक्षण गरिनेछ ताकि जन्मजात भिरिङ्गी (सिफिलिस) लाई रोक्न सकियोस्। समुदायमा भिरिङ्गी (सिफिलिस) को सङ्ख्यामा वृद्धि भएकोले यो आवश्यक छ। यदि तपाईंलाई भिरिङ्गी (सिफिलिस) हुने सम्भावना बढी छ भने अर्को भिरिङ्गी (सिफिलिस) परीक्षण गरिन सक्छ।

भिरिङ्गी (सिफिलिस) परीक्षण सहित पूर्ण एसटिआई (STI) परीक्षणको लागि आफ्नो चिकित्सक (डाक्टर), सुडेनी वा प्रसूति सेवा प्रदायककहाँ जानुहोस्।

### उपचार सजिलो छ

भिरिङ्गी (सिफिलिस) को उपचार सजिलो छ। औषधिले (सामान्यतया सुईको माध्यमबाट) सङ्क्रमण हटाउँछ र तपाईं र तपाईंको बच्चाको लागि सुरक्षित हुन्छ।

उपचारले काम गरेको छ कि छैन भनेर जाँच गर्न तपाईंले आफ्नो उपचार पछि रगत परीक्षण गर्नुपर्ने हुन्छ।

तपाईंको चिकित्सक वा यौन स्वास्थ्य विशेषज्ञले तपाईंलाई उपचार र निगरानी गर्न सक्छन्।

### भिरिङ्गी (सिफिलिस) को रोकथाम कसरी गर्ने

**भिरिङ्गी (सिफिलिस) को रोकथामको सबैभन्दा राम्रो उपाय भनेको सुरक्षित यौन सम्बन्धको अभ्यास गर्नु हो:**

- नयाँ यौन साझेदारहरूसँग सधैं कण्डम-सुरक्षित लुब्रिकेन्टहरू (जस्तै पानी वा सिलिकनमा आधारित) भएको कण्डम प्रयोग गर्नुहोस्।
- जननेन्द्रिय, मलद्वार वा मुखमा घाउ वा अल्सर भएको व्यक्तिसँग यौन क्रियाकलाप नगर्नुहोस्।
- भिरिङ्गी (सिफिलिस) परीक्षणहरू समावेश भएका नियमित एसटिआई (STI) परीक्षणहरू गराउनुहोस्।
- तपाईं वा अरूलाई भिरिङ्गी (सिफिलिस) सर्ने सम्भावना कम गर्न यौन साझेदारहरूको पनि नियमित रूपमा परीक्षण (र उपचार) गर्नुपर्छ।
- यदि तपाईं स्वयम् यौन साथीलाई सम्पर्क गर्न असहज महसुस गर्नुहुन्छ भने, तपाईं सुझावको लागि **www.letthemknow.org.au** हेर्न सक्नुहुन्छ वा आफ्नो जीपी (GP) वा स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्न सक्नुहुन्छ।

**भिरिङ्गी (सिफिलिस) र महिलाको स्वास्थ्यका बारेमा थप जान्न क्यूआर (QR) कोड स्क्यान गर्नुहोस्।**

MULTICULTURAL HIV AND HEPATITIS SERVICE

South Western Sydney Local Health District
Health Promotion Service

NSW GOVERNMENT